मिति २०७५/०१/१६ वैठक संख्याः १६

आज मिति २०७५/०१/१६गतेका दिन यस देवघाट गाउँपालिकाका अध्यक्ष श्री दुर्ग बहादुर थापाको ज्युको अध्यक्षतामा देवघाट गाउँकार्यपालिकाको वैठक बस्यो ।

**उपस्थितीः**

| | **नामथर** | **पद** |
|---|---|---|
| १) | श्री दुर्ग बहादुर थापा | गा.पा. अध्यक्ष |
| २) | श्री बिमला थापा | गा.पा. उपाध्यक्ष |
| ३) | श्री श्री रमेश सुवेदी | सचिव (प्रमुख प्रशासकिय अधिकृत) |
| ४) | श्री भिम बहादुर गुरुङ | १ नं. वडाध्यक्ष |
| ५) | श्री पोल बहादुर आले | २ नं. वडाध्यक्ष |
| ६) | श्री कृतिमान आले | ३ नं. वडाध्यक्ष |
| ७) | श्री पदम बहादुर गुरुङ | ४ नं. वडाध्यक्ष |
| ८) | श्री याल बहादुर गुरुङ | ५ नं. वडाध्यक्ष |
| ९) | श्री चन्द्र प्रकाश वि.क. | गा.का.पा. सदस्य |
| १०) | श्री रत्न बहादुर बोटे | गा.का.पा. सदस्य |
| ११) | श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| १२) | श्री भोगी माया राना | गा.का.पा. सदस्य |
| १३) | श्री अनिता गुरुङ | गा.का.पा. सदस्य |
| १४) | श्री यम माया गुरुङ | गा.का.पा. सदस्य |

बैठक संख्या १६ मिति: २०७४।१।१६

१) सम्माननीय राष्ट्रपतिलाई सादर निमन्त्रणा गर्ने ।

२) सम्माननीय प्रधानमन्त्रिलाई सादर निमन्त्रणा गर्ने ।

३) समीक्षा

४) सिद्वार्थ वैंक, देवघाट शाखामा खाता संचालन गर्ने

५) देवघाट गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्वन्धी कार्यविधि, २०७४

६) खोलावाट ढुंगा,गिटी,वालुवा,ग्रावेल उठाउन IEE गर्ने

७) मेलमिलाप केन्द्र गठन गर्ने

८) भौतिक पूर्वाधार उपयोग शुल्क (वाटो मर्मत संभारको लागी )

९) आईलिममा झोलुगें पुल निर्माण

१०) गाउँ यातायात गुरु योजना निर्माण र कार्यतालिका

११) महिलाको लागी लोकसेवा तथा शिक्षासेवा तयारी कक्षा संचालन

१२) अपांग अभिमुखिकरण कार्यक्रम संचालन

१३) विद्यार्थी भर्ना अभियान अन्तर्गत अध्ययन सहयोग कोष स्थापना

१४) आमडाँडामा सहकारी भवन निर्माणमा लागत सहभागिता सहयोग

१५) आवधिक योजना तर्जुमामा विषयगत समितिवाट सुझाव लिन

१६) एकिकृत सम्पत्ति कर निर्देशिका, २०७४ स्विकृत गरियो ।

१७) आवधिक योजना निर्देशक समिति गठन

१८) नि:शुल्क नक्शा पास गरिदिने

१९) सडक कालोपत्रे

२०) गाउँपालिका अस्पताल

२१) भवन हस्तान्तरण

२२) विविध

क्यालेन्डर डिजाईन

निर्णयहरु

१) चितवन जिल्ला भरतपुर महानगरपालिका वडा नं. २९ मा पर्ने दासढुङ्गा र तनहुँ जिल्ला यस देवघाट गाउँपालिका वडा नं. ५ लाई जोड्ने त्रिशुली नदिमा निर्मित मोटरेवल पुल मिति: २०७५।०२।०३ मा उद्घाटन गर्ने कार्यक्रममा प्रमुख आतिथ्यता ग्रहण गरिदिनको लागी सम्माननीय राष्ट्रपती श्रीमती विद्यादेवी भण्डारीज्यूलाई

सादर अनुरोध गर्ने र प्रमुख अतिथि सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूवाट उक्त पुल उद्घाटन गर्ने निर्णय गरियो ।

२) चितवन जिल्ला भरतपुर महानगरपालिका वडा नं. २९ मा पर्ने दासढुङ्गा र तनहुँ जिल्ला यस देवघाट गाउँपालिका वडा नं. ५ लाई जोड्ने त्रिशुली नदिमा निर्मित मोटरेवल पुल मिति: २०७५।०२।०३ मा उद्घाटन गर्ने कार्यक्रममा विशिष्ट अतिथिमा सम्माननीय प्रधानमन्त्रिज्यूलाई सादर निमन्त्रणा गर्ने निर्णय गरियो ।

३) गाउपालिकाको योजना, कार्यक्रम तथा गत बैठकको निर्णयको प्रगतिको बारेमा समीक्षा गरियो ।

४) जिल्ला सदरमुकाम दमौलिवाट यस गाउँ कार्यपालिकाको कार्यालय धेरै टाढा रहेको र कार्यालयको आर्थिक कारेवार गर्न कठिन भएकोले यस गाउँपालिकाको संचित कोष र अन्य कोष खाता संचालन लगायत यस गाउँपालिकाको सम्पुर्ण बैंकिङ्ग कारोवार सिद्धार्थ बैंक, देवघाट शाखामा गर्ने निर्णय गरियो ।

५) देवघाट गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्वन्धी कार्यविधि, २०७४ स्विकृत गरियो ।

६) खोलावाट ढुंगा,गिटी,वालुवा,ग्रावेल उठाउन त्रिशुली नदीको भुवनटार र सेतीभतेरी, कालीगण्डकी नदीको कालिमाटी र साँढेवगर गरी चार ठाउँमा IEE गर्ने निर्णय गरियो ।

७) यस गाउँपालिकाको वडा नं. १ देखि ५ सम्म सवै वडाहरुमा मेलमिलाप केन्द्र गठन गर्ने निर्णय गरियो ।

८) सडक मर्मत संभारको लागी यस गाउँपालिकाभित्र चालु रहेका मुख्य मुख्य सडकहरुमा चल्ने सवारी साधन, ढुवानीका साधनलाई प्रति टिप वडाले तोकेको दरमा भौतिक पूर्वाधार उपयोग शुल्क लगाउने तथा उक्त शुल्क उपभोक्ता समितिको खातामा जम्मा गरि सोही सडक मर्मत संभारमा खर्च गर्ने र सो को हिसाव किताव गाउँपालिकामा बुझाउने अधिकार उपभोक्ता समितिलाई दिने निर्णय गरियो ।

९) यस देवघाट गाउँपालिकाको वडा नं. ४ आईलिममा झोलुगें पुल नभएकोले काठे डुंगावाट जोखिपूर्ण दैनिक आवत जावत गर्नु पर्ने अवस्था भएकोले उक्त स्थानमा झोलुगें पुल निर्माण गरिदिनको लागी सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

१०) गाउँ यातायात गुरु योजना निर्माणको लागी अभिमुखिकरण र प्रगतिको वारेमा जानकारी भयो ।

११) नीजामति, शिक्षा, तथा अन्य विविध सेवा र संघ संस्थामा यस गाउँपालिकाका महिलाहरुको पहुँच बढाउन महिलाको लागी लोकसेवा, शिक्षासेवा तथा अन्य विविध सेवाको परिक्षा तयारी अभिमुखिकरण संचालन गर्ने निर्णय गरियो ।

१२) सवै वडाहरुमा अपांग अभिमुखिकरण कार्यक्रम संचालन गर्ने गर्ने निर्णय गरियो ।

१३) विद्यार्थी भर्ना अभियानलाई प्रभावकारी वनाउन तथा भर्ना भएका आर्थिक अवस्था कमजोर भएका विद्यार्थीहरुलाई सहयोग गर्न अध्ययन सहयोग कोष स्थापना गर्ने निर्णय गरियो ।

१४) वडा नं. ४, आमडाँडामा सहकारी भवन निर्माणमा लागत सहभागितामा गाउँपालिकाले सहयोग गर्ने निर्णय गरियो ।

१५) आवधिक योजना तर्जुमामा विषयगत समितिवाट सुझाव लिने निर्णय गरियो ।

१६) एकिकृत सम्पत्ति कर निर्देशिका, २०७४ स्विकृत गरियो ।

१७) आवधिक योजना तर्जुमागर्नको लागी तपसिल अनुसारको आवधिक योजना तर्जुमा निर्देशक समिति गठन गर्ने निर्णय गरियो । समितिले आवश्यकता अनुसार उप समितिहरु गठन गर्न सक्नेछ । साथै काम कर्तव्य तोक्न सक्नेछ ।

तपसिल

क) गाउँपालिका अध्यक्ष –संयोजक

ख) गाउँपालिका उपाध्यक्ष –सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत –सदस्य

घ) वडा अध्यक्षहरु –सदस्य

ङ) विषयगत शाखाका प्रमुखहरु –सदस्य

च) योजना शाखा प्रमुख –सदस्य सचिव

आमन्त्रित सदस्यहरु

(देवघाट गाउँपालिकाका सर्वदलीय प्रतिनिधिहरु)

छ) ने.क.पा. एमाले

ज) नेपाली कांग्रेस

झ) माओवादी केन्द्र

ञ) रा.प्र.पा.

संघ, महासंघका प्रतिनिधिहरु ट) सामुदायिक वन

१८) भुकम्पवाट क्षति भएको घर पुनः निर्माण प्राधिकरणको अनुदान सहयोगवाट निर्माण हुने भएमा गाउँ कार्यपालिको कार्यालयले निःशुल्क नक्शा पास गरिदिने निर्णय गरियो ।

१९) वडा नं. ५ को दास ढुगां देउपुर खण्ड कालोपत्रे गर्नको लागी बजेटको व्यवस्था गरिदिन सम्वन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

२०) यस गाउँपालिकामा एउटा पनि अस्पताल नभएको, विरामी भरतपुर वा दमौलीमा जानु परेको जहाँ यातायातको सहज पहुँच नभएकोले स्वास्थ्य सेवामा जनताको सहज पहुँच पुर्याउन गाउँपालिकामा एक अस्पताल अति आवश्यक भएको तथा गलेश्वर आश्रमवाट संचालन हुँदै आएको देवघाट धर्मार्थ अस्पताल यस गाउँपालिकालाई हस्तान्तरण गरिदिनको लागी अनुरोध गर्ने र गाउँपालिका स्तरिय अस्पतालको रुपमा स्विकृत गरि दरवन्दी समेत स्विकृत गरि वजेट व्यवस्था गरिदिनको लागी सम्वन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो

२१) यस गाउँपालिकाको आफ्नै भवन नभएकोले कार्यालय संचालनमा असहज भएकोले देवघाट क्षेत्रविकास समितिको भवन यस गाउँपालिकालाई हस्तान्तरण गरिदिनकोलागी सम्वन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

२२) विविध

क्यालेन्डर डिजाईन स्विकृत गरियो र छपाई गरि वितरण गर्ने निर्णय गरियो ।